कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय कामकारोवार गर्न इजाजतपत्र प्राप्त

आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि.

# आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## AARAMBHA MICROFINANCE BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१५ जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका, वडा नं. १०
फोन: ०११-६६४५७९ फ्याक्स: ०११-६६४५७९
ई-मेल: aarambhamicrofinance@gmail.com, वेवसाइट www.aarambhamf.com.np

को

## विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ. व. २०७१/७२ | आ. व. २०७२/७३ | आ. व. २०७३/७४ | आ. व. २०७४/७५ | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८५.०४ | ३९.४५ | ८१.३० | १००.७२ | १३०.३८ | १४६.१५ |
| प्रति शेयर आम्दानी (रु) | (१२.६४) | (४५.५६) | २.०८ | ९.९८ | २९.६५ | ३७.५१ |

यस वित्तीय संस्थाको जारी पूँजी रु. ६ करोडको ४९ प्रतिशतले हुने रु. २ करोड ९४ लाख रकम बराबर प्रति शेयर रु.१००/- अङ्कित दरका २,९४,००० कित्ता साधारण शेयर मध्ये ८,८२० कित्ता (तीन प्रतिशत) शेयर संस्थामा कार्यरत कर्मचारीहरुलाई तथा १४,७०० कित्ता (पाँच प्रतिशत) शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी २,७०,४८० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्त साथ प्रति शेयर रु.१००/- को दरल (शत्प्रतिशत) भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुन सक्ने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरण-पत्रको **दफा ग. ८ मा** उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरण-पत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरण-पत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरण-पत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरण-पत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : | २०७४/०९/२० |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : | २०७४/१०/२३ |
| निष्काशन खुल्ला हुने मिति : | २०७४/११/१५ |
| निष्काशन बन्द हुने मिति (छिटोमा): | २०७४/११/२१ |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०७४/११/२९ |

**निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-४२२१९९४, फ्याक्सः ९७७-१-४२२२४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

## ख (१) विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शव्दावलीको परिभाषा:

| क्र.सं. | शव्दावली | परिभाषा |
|---|---|---|
| क | बोर्ड | धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ । |
| ख | विवरण-पत्र | सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशनकर्ता वित्तीय संस्थाको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि नेपाल धितोपत्र वोर्डबाट स्वीकृत विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ । |
| ग | वित्तीय संस्था | निष्काशनकर्ता कम्पनी आरम्भ माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ । |
| घ | धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक | एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौलाई सम्झनु पर्दछ । |
| ङ | संकलन केन्द्र | भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु र तीनका शाखा कार्यालयहरु सम्झनु पर्दछ । |
| च | निष्काशन बैंक | सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकहरुलाई सम्झनु पर्दछ । |
| छ | संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन | आरम्भ माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ । |
| ज | नियमन निकाय | नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रार कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ । |
| झ | धितोपत्र | भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक र सो शब्दले धितोपत्रबजार मार्फत कारोवार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्ने सक्ने अधिकारपत्र समेतलाई जनाउँछ । |

## ख (२) विवरण-पत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु

| सि. नं. | **कम्पनीको नाम तथा ठेगाना** |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौ |
| २ | श्री आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, बनेपा १०, काभ्रेपलाञ्चोक |

साथै निष्काशन तथा बिक्री प्रबन्धक श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाईट http://www.nicasiacapital.com तथा निष्काशनकर्ता कम्पनी आरम्भ माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको वेभसाईट http://www.aarambhamf.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाईटबाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पत्र हेर्न सक्नु हुनेछ ।

## दरखास्त आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि. नं. | **कम्पनीको नाम तथा ठेगाना** |
|---|---|
| १ | सी- आस्वा (C-ASBA) सेवामा सहभागी सम्पूर्ण बैंक तथा वित्तीय संस्था र तीनका शाखा कार्यालयहरु । |

## ग.(१) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता वित्तीय संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस आरम्भ माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरण-पत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

## ग.२ संगठित संस्थाको उद्घोषण :

### ग.२.(क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहीता सम्बन्धी

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र, सो संग सम्वन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्वन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सवै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

### ग.२.(ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी

यस आरम्भ माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग.२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय कम्पनी रजिष्ट्रारको कार्यालयमा यस वित्तीय संस्थाको अद्यावधिक रहेको सम्बन्धी पत्र कम्पनी रजिष्ट्रारको कार्यलयबाट प्राप्त भएको । साथै नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्डको सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा पेश गरेका छौं ।

### ग.२.(घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण

(१) यस वित्तीय संस्थाका संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस वित्तीय संस्थाका सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेका संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम अयोग्य रहेका छैनन् ।

## ग.३. क. संगठित संस्था सम्बन्धी जानकारी

**(क) संगठित संस्थाको नाम :** आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड (Aarambha Microfinance Bittiya Sanstha Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यो वित्तीय संस्था, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम कारोवार गर्नको लागि कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भएको हो ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १० (साविकः उग्रतारा गाँउ विकास समिति वडा नं. १) मा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान** : यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार "घ" वर्गको १५ जिल्ला कार्यक्षेत्र भएको लघुवित्त वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. १० (साविकः उग्रतारा गाँउ विकास समिति वडा नं. १) मा रहेको छ । यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट मिति २०७२/०१/२७ गतेको इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/४२/०७१/०७२ को पत्रअनुसार दश (१०) जिल्लाहरु नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, धनकुटा र तेह्रथुम तथा मिति २०७३/०६/०५ पत्र संख्या बैं.वि.नि.वि./लघुवित्त/आरम्भ/०७३/०७४ को पत्रनुसार थप पाँच (५) जिल्लाहरु काभ्रेपलाञ्चोक, धादिङ्ग, गोरखा, तनहुँ र कास्कीमा आफ्नो कार्यालय विस्तार गर्न सक्ने गरी वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेको छ । यस वित्तीय संस्थाले मिति २०७२/०४/०७ गतेदेखि कारोवार सञ्चालनमा ल्याई हाल यस वित्तीय संस्थाको सोह्र (१६) वटा शाखाहरु रहेका छन् । ती शाखा कार्यालयहरुको नाम र ठेगाना क्रमशः निम्नानुसार रहेको छ ।

| क्र.सं. | शाखाको नाम | शाखा कार्यालयहरुको ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | बाहुनीपाटी शाखा | मेलम्ची-८, सिन्धुपाल्चोक | ०१-६२०१६१० |
| २ | दुधौली शाखा | दुधौली-५, सिन्धुली | ०४७-६९१९६९ |
| ३ | खरानीटार शाखा | खरानीटार-३, नुवाकोट | ०११-६९१३१७ |
| ४ | धनकुटा शाखा | धनकुटा-४, धनकुटा, | ०२६-५२१७०६ |
| ५ | भेडेटार शाखा | भेडेटार- ४, धनकुटा | ०२५-४०००७४ |
| ६ | ओखलढुङ्गा शाखा | सिद्धिचरण- ५, ओखलढुङ्गा | ०३७-५२००८३ |
| ७ | चरिकोट शाखा | भिमेश्वर- १, दोलखा | ०४९-४२१९८३ |
| ८ | मन्थली शाखा | बालुवाजीर-२, रामेछाप | ०४९-४०००७४ |
| ९ | दिक्तेल शाखा | दिक्तेल-२, खोटाङ्ग | ०३६-४२०५२१ |
| १० | बसन्तपुर शाखा | लालीगुराँस-२, तेह्रथुम | ०२६-४०२१०२ |
| ११ | भोजपुर शाखा | भोजपुर-७, भोजपुर | ०२९-४२०५३५ |
| १२ | खुर्कोट शाखा | भिमेश्वर-२, सिन्धुली | ०४७-६९२००२ |
| १३ | सुकुटे शाखा | सांगा चोक-१, सिन्धुपाल्चोक | ०११-४०००४० |
| १४ | बनेपा शाखा | बनेपा-१०, काभ्रेपलाञ्चोक | ०११-६६३६८९ |
| १५ | सिन्धुली शाखा | कमलामाई-६, सिन्धुली | ०४७-५२११४२ |
| १६ | बट्टार शाखा | विदुर-४, नुवाकोट | ०१०-५६१९१९ |

यसका साथैं यस वित्तीय संस्थाले भविष्यमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार थप शाखा, उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

(ङ) **संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**वित्तीय संस्थाको संक्षिप्त इतिहास :**

नेपाल एक अल्पविकसित विकासोन्मुख मुलुक हो । देशमा उपलब्ध प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोग गर्न नसकी देशमा पूँजी निर्माणको अवस्था कमजोर देखिएकोले देशको सर्वाङ्गीण विकास दीगो रुपमा हुन नसकेको अवस्थामा देशका विभिन्न क्षेत्रमा बसोवास गर्ने विपन्न एवं पिछडिएका बर्गमा रहेको व्याप्त गरीबी तथा पछौटेपनलाई न्यूनीकरण गर्न आर्थिक सहभागिता मार्फत जीवनस्तर माथि उठाई गरिवी न्यूनिकरण गरी समग्र राष्ट्रिय आर्थिक विकासमा सहयोग पुऱ्याउन आवश्यक छ । तसर्थ लक्षित वर्गको संलग्नता बढाई स्थानीय साधन, सीप र श्रोतको परिचालन गर्न संरचनागत रुपमा आत्मनिर्भर विकास प्रकृयाको प्रर्बद्धन एवं बिस्तार गराउन र उपेक्षित, अल्पसंख्यक र पिछडीएका पहाडी जिल्लाका विपन्न तथा न्यून आय भएका वर्गलाई आवश्यक वित्तीय सेवा उपलब्ध गराउने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रहि २०७२ साल बैशाख २७ गते नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त गरि यस आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको स्थापना भएको हो।

यस संस्थाको कार्यक्षेत्र सिन्धुपाल्चोक, नुवाकोट, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा, धनकुटा, खोटाङ्ग, भोजपुर तेह्रथुम गरि १० वटा जिल्लाहरु रहेकोमा थप ५ वटा जिल्लाहरु क्रमशः काभ्रेपलाञ्चोक, धादिङ्ग, गोरखा, तनहुँ र कास्कीमा आफनो कार्यक्षेत्र विस्तार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति समेत प्राप्त गरेको छ भने यससँगै संस्थाको कार्यक्षेत्र छोटो अवधिमै १५ वटा जिल्लाहरुमा पुगेको छ । यस संस्थाको स्थापनाको मुख्य लक्ष्य कृषि, उद्योग, सेवा व्यपार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास र क्षमता एवं उत्पादकत्व बृद्धिको लागि लघुवित्त सेवाको माध्यम बाट विपन्न एवं पिछडिएका वर्ग तथा महिलाहरुको जीवनस्तरमा परिर्वतन ल्याई आत्मर्निभर बन्न सहयोगी भूमिका निर्वाह गर्दै समग्रमा देशको उत्पादकत्व, स्वरोजगार, उपभोग्य क्षमता तथा क्रयशक्तिमा बृद्धि गराई लक्षित जनताले गुणस्तरीय जीवनयापन गर्न टेवा पुऱ्याउनु हो ।

यस संस्थाको केन्द्रीय कार्यालय बाँसबारी-७, बाहुनीपाटी, सिन्धुपाल्चोक (मेलम्ची न.पा.-८) मा रहेकोमा संस्था सञ्चालनार्थ वित्तीय कारोवारको लागि बैकिङ्ग क्षेत्रको कम उपस्थिती, भौगोलिक कठिनाई, यातायातको असुविधा, सुचना प्रविधिको पहुँच कम हुनुको साथै इन्टरनेटको असुविधा र भुकम्प प्रभावित क्षेत्र भएको कारण नेपाल राष्ट्र बैंकमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्न निवेदन दिए बमोजिम मिति २०७४ बैशाख १० गतेबाट नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त भई यस वित्तिय संस्थाको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. १० मा स्थानान्तरण गरिएको छ । २०७२ साल बैशाख महिनामा गएको विनाशकारी भुकम्पले गर्दा शुरुवातको अवस्थामा संस्थाले आफ्नो कार्यक्षेत्र एवं वित्तिय सेवालाई गति दिन नसके पनि २०७२ श्रावण महिना देखि हालसम्म यस संस्थाले १६ वटा शाखाहरु सञ्चालन गरि करिव ९,१६५ सदस्य तथा घरधुरीहरुमा लघुवित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

**वित्तीय संस्थाको मुख्य उद्देश्यहरु :**

वित्तीय संस्थाको प्रबन्ध पत्रको दफा ३ र नियमावलीको नियम ३ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रबर्धन गर्ने कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

(घ) लघुवित्त सेवामा जोखिम कम गर्दै लघुवित्त क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने र

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**
सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**
वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह तथा नेपाल राष्ट्र बैंकले तोके बमोजिमका अन्य वित्तीय सेवाहरु रहेका छन ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि** :
समूहगत तथा व्यक्तिगत लघुवित्तीय सेवा प्रदान गर्ने ।

**(३) कुनै ब्राण्ड नेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**
सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**
नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त जिल्लाहरुको कार्यक्षेत्रमा संचालनमा रहेका शाखा कार्यालयहरुले सिन्धुपाल्चोकको मेलम्ची, सुकुटे तथा आसपासका बजार, नुवाकोटको बट्टार, खरानीटार, दोलखाको चरिकोट, तामाकोशी बजार, रामेछापको मन्थली बजार, सिन्धुलीको सिन्धुली, खुर्कोट र दुधौली बजार, धनकुटाको हिले र भेडेटार बजार, तेह्रथुमको म्याग्लुङ्ग बजार, ओखलढुङ्गाको ओखलढुङ्गा बजार, भोजपुरको भोजपुर बजार र खोटाङ्गको दिक्तेल बजार क्षेत्रहरुलाइ ओगटेर यस संस्थाले आफ्नो कार्यक्षेत्र रहेका जिल्लाका कुल १६ वटा शाखाहरु सञ्चालन गरि लक्षित बर्ग तथा विपन्न घरपरिवारहरुमा लघुवित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
ग्राहकहरुको सुविधालाई ध्यानमा राखी यस वित्तीय संस्थाले स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट ग्राहकलाई लघुवित्त तथा प्राविधिक सेवाहरु सहज रुपमा उपलब्ध गराउँदै जाने योजना रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
यस वित्तीय संस्थाको सेवाको मुख्य बजार नेपालको ग्रामिण क्षेत्र हो । ती क्षेत्रका आदिवासी, पिछडा वर्ग, विपन्न परिवारहरुको लागि वित्तीय पहुँच पुयाई उनीहरुमा स्वरोजगारको अवस्था सृजना गरी निजका परिवारहरुको आर्थिक एवं वित्तीय सेवाको माग पूरा गर्न स्थानीय स्तरमा वित्तीय सेवा विस्तार गर्दै सेवालाई निरन्तरता प्रदान गरिने छ ।

**(७) उत्पादन/संचालन क्षमता र सोको उपभोग स्थिति :**
सो नभएको ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
सो नभएको ।

**(१०) अनुसन्धान तथा विकास :**
सो नभएको ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**
सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

वित्तीय कारोबारको हैसियतमा २ बर्ष अवधिको वित्तीय संस्था भएता पनि अधिकांश कार्यक्षेत्र पुर्वी पहाडी भेगका जिल्लाहरु भएता पनि यस क्षेत्रमा सञ्चालित अन्य समान संस्थाहरु विच वित्तीय संस्थाले आफ्नो स्थीतिलाई मजबुत बनाउदै लगेको छ । साथै गत आ.व. देखि संस्था सञ्चालन मुनाफामा गएको छ । समान प्रकृतीका संस्थाहरु विच प्रतिस्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**
सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**
सो नभएको

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** दैनिक वित्तीय कारोवार संचालनको लागी आवश्यक पर्ने सम्पूर्ण भौतिक सम्पत्ति वित्तीय संस्थाको रजिष्ट्रार्ड कार्यालय एवं शाखा कार्यालयहरुमा चालु अवस्थामा रहेका छन् ।

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** आफ्नै स्वामित्वमा रहेका छन् ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : सो नभएको ।

(घ) **विवरण-पत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :** सो नभएको ।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** परल मोलमा ह्रास कट्टी गरी लेखाङ्कन गरिएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/ सेवाको बृद्धिका लागि संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति :**

देशमा छरिएर रहेका स-साना पूँजीलाई बचतको रुपमा आकर्षित गर्दै देशको वित्तीय एवं बैंकिङ्ग क्षेत्रमा अग्रणी एवं गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने तथा बढीभन्दा बढी ग्रामीण समुदायमा वित्तीय सेवा विस्तार गर्ने, सेवामा विविधिकरण गर्दै जाने तथा थप सेवा विस्तार गर्दै जाने योजना यस वित्तीय संस्थाको रहेको छ । ग्राहक महानुभावहरुको सेवा र सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखी वित्तीय संस्थाको मुनाफा बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्दै लैजाने यस वित्तीय संस्थाको भावी योजना रहेको छ । साथै वित्तीय संस्थाको अन्य भावी योजनाहरु देहाय बमोजिम रहेको छ ।

- निक्षेप तथा लगानीका नयाँ अवसरहरुको सृजना गरी वित्तीय कारोवारहरुको विस्तार गर्दै लैजाने ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने तथा कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- लगानी तथा सदस्य संख्या बढाउनका लागि नयाँ शाखाहरु स्थापना गरी वित्तीय संस्थाहरु विस्तार गर्दै लैजाने ।

नयाँ वित्तीय संस्थाहरु तथा अन्य वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, वित्तीय संस्थाले प्रदान गरेको तथा भविष्यमा प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनका अप्रत्याशित परिवर्तनबाट सृजना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुन सक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विश्लेशण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योग स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको बैंकिङ्ग वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगतको छोटो अवधिमानै धेरै वित्तीय सेवा प्रदायक संस्थाहरु स्थापना भई संचालनमा आइरहेका छन् । यो परिस्थितिले गर्दा एकातर्फ देशको बैंकिङ्ग वातावरण बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्को तर्फ विगतका केही समययता देखा परेको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने स्थिति समेत रहेको छ । यो अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा वित्तीय संस्थाको वित्तीय अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ, देशको वित्तीय व्यवसाय बीचको प्रतिस्प्रर्धा, विद्यमान आर्थिक स्थिति र हालसम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस वित्तीय संस्थाले स्थापनाकालदेखि नै ग्राहकहरुको चाहना आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी उत्साहजनक उपलब्धी हासिल गरिरहेको छ । त्यसकारण विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस वित्तीय संस्थाको भविष्य सुदृढ हुने देखिन्छ ।

**ग.३.(घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

सञ्चालक समितिको संरचना निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित सञ्चालकहरु | ३ (तीन) जना |
| समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ (दुई) जना |
| स्वतन्त्र सञ्चालक | १ (एक) जना |
| **जम्मा** | **६ (छ) जना** |

**सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन । सञ्चालकहरुको कार्यकाल बढीमा ४ (चार) वर्षको हुनेछ ।

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु. १२,००,००,०००/- (अक्षेरुपी बाह्र करोड रुपैंया) रहेको छ । जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा १२,००,००० (बाह्र लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.६,००,००,०००/- (अक्षेरुपी छ करोड रुपैंया) रहेको छ । जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा ६,००,००० (छ लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** यस वित्तीय संस्थाको हाल (संस्थापकहरुबाट भुक्तानी भएको) चुक्ता पूँजी रु. ३,०६,००,०००/- (अक्षेरुपी तीन करोड छ लाख रुपैंया) रहेको छ जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ३,०६,००० (तीन लाख छ हजार) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ । सर्वसाधारण (कर्मचारी सहित) लाई २,९४,००० कित्ता सार्वजनिक निष्काशन र बाँडफाँट पश्चात यस वित्तीय संस्थाको चुक्ता पूँजी रु. ६,००,००,०००/- (अक्षेरुपी छ करोड रुपैंया) हुनेछ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत र जारी पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| **क्र.सं** | **विवरण** | **आर्थिक बर्ष** | | | |
|---|---|---|---|---|---|
| | | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४** | **२०७४/७५** |
| १ | अधिकृत पूँजी रु. | ५,००,००,०००/- | ५,००,००,०००/- | ५,००,००,०००/- | १२,००,००,०००/- |
| २ | जारी पूँजी रु. | २,००,००,०००/- | २,००,००,०००/- | ४,००,००,०००/- | ६,००,००,०००/- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

| **क्र. सं.** | **समूह** | **शेयरधनीहरु** | **शेयर संख्या** | **चुक्ता रकम (रु.)** | **पुँजी संरचना** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | "क" | संस्थापक शेयरधनीहरु | ३,०६,००० | ३,०६,००,००० | ५१% | शतप्रतिशत |
| २ | "ख" | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २,९४,००० | २,९४,००,००० | ४९% | शतप्रतिशत |
| | | **जम्मा** | **६,००,०००** | **६,००,००,०००** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) ।**

यस निष्काशन पूर्व निष्काशन गरिएको शेयर एवं यस विवरण पत्र मार्फत निष्काशन गरिने शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**ग.५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी**

**ग.५.क संस्थापक/सञ्चालक को पृष्ठभूमि**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभुत शेयरधनीहरुको विवरण**

| **क्र. स.** | **नाम** | **पद** | **शैक्षिक योग्यता** | **अनुभव र प्रस्तावित व्यापार/ व्यवसायमा अनुभव** | **उमेर** | **राष्ट्रियता** | **ठेगाना** | **शेयर स्वामित्व (कित्ता)** |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री दिपक तिवारी | अध्यक्ष | वि.वि.एस. | सामाजिक तथा व्यवसायिक क्षेत्रमा १७ बर्षको अनुभव | ४० | नेपाली | देवभुमी बालुवा ८, काभ्रेपलाञ्चोक | ४५००० |
| २ | श्री कुल प्रसाद भट्टराई | संस्थापक | एम.एड | प्राध्यापन पेशामा आवद्ध १८ बर्षको अनुभव | ५८ | नेपाली | महाभारा २,झापा | १०५० |
| ३ | श्री कृष्ण बहादुर बुढाथाकी | संस्थापक | एम.ए | आई. एन. जि. ओ. मा १० बर्षको अनुभव | ५० | नेपाली | सापिङ ५, काभ्रेपलाञ्चोक | १००० |
| ४ | श्री राजु मित्र खनाल | संस्थापक | एम.वि. एस | पत्रकारीता १० बर्षको अनुभव | ३९ | नेपाली | विदुर न.पा ३, नुवाकोट | १०५० |
| ५ | श्री भोलाशंकर गुरुवाचार्य | संस्थापक | आई.ए. | व्यापारमा ३० बर्षको अनुभव | ५१ | नेपाली | भैरवि ५, नुवाकोट | ९३०० |
| ६ | श्री प्रकाश चन्द्र पाठक | संस्थापक | आई.ए. | ठेक्का पट्टामा ८ बर्षको अनुभव | ४४ | नेपाली | खानिगाउ ४, नुवाकोट | ५३०० |
| ७ | श्री श्रीराम नेपाल | संस्थापक | एम.वि. एस | पत्रकारीतामा १० बर्षको अनुभव | ३१ | नेपाली | विदुर न.पा ४, नुवाकोट | १५७५ |
| ८ | श्री शिव प्रसाद मुनकर्मी | संस्थापक | एम. बि.ए. | प्राध्यापन पेशामा आबद्ध ३० बर्षदेखि हाल सम्म | ५९ | नेपाली | नगरकोट ९, भक्तपुर | २००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री महेश्वर दाहाल | संस्थापक | एम.वि. एस | आइ.एन.जी.ओ.मा ११ बर्षदेखि हाल सम्म | ४२ | नेपाली | बिराटनगर १५, मोरङ | ३०० |
| १० | श्री नविन कुमार गैरे | संस्थापक | एम.वि. एस | अडिटर १० बर्षदेखि हाल सम्म | ४० | नेपाली | पेखुबाघखोर २, स्याङ्जा | १५०० |
| ११ | श्री विवेक सिंह | संस्थापक | बि.इ | इन्जिनियर ५ वर्षदेखि हाल सम्म | ३२ | नेपाली | ल.उ.म.न.पा. २१, ललितपुर | ३००० |
| १२ | श्री हिरण्य शाक्य | संस्थापक | एम.वि. एस | बैकिङ्ग क्षेत्रमा आवद्ध ११ वर्षदेखि हाल सम्म | ४६ | नेपाली | ल.उ.म.न.पा. १९, ललितपुर | ४१०० |
| १३ | श्री लोकेन्द्र कुमार चौधरी | संस्थापक | एम.वि. एस | बैकिङ्ग क्षेत्रमा आवद्ध ८ वर्षदेखि हाल सम्म | ३८ | नेपाली | बरमझिया ८, सप्तरी | ४२०० |
| १४ | श्री इन्दिरा अधिकारी | संस्थापक | बि.ए. | शिक्षिका ६ वर्षदेखि हाल सम्म | ३० | नेपाली | पांचखाल ६, काभ्रेपलान्चोक | २१३०० |
| १५ | श्री श्याम सुन्दर ढकाल | संस्थापक | एम.वि. एस | व्यापार विगत ७ वर्ष देखि हाल सम्म | ३८ | नेपाली | ब्यास ५, तनंहु | ६३०० |
| १६ | श्री दानुरी शेर्पा | संस्थापक | साधारण | पर्यटन व्यवसाय ३० वर्षदेखि हाल सम्म | ५५ | नेपाली | लामाबगर ४, दोलखा | १०५० |
| १७ | श्री देब बहादुर खत्री | संस्थापक | साधारण | घर जग्गा कारोवार ३० वर्षदेखि हाल सम्म | ६६ | नेपाली | दिमिपोखरी ७, रामेछाप | १५०० |
| १८ | श्री जानुका देवि खत्री | संस्थापक | आई.ए. | गृहणी | २८ | नेपाली | ताराताल ४, बर्दिया | ३०७५ |
| १९ | श्री उद्धवराज चौलागाइ | संस्थापक | एम.ई. | इन्जिनियर १७ वर्षदेखि हाल सम्म | ४५ | नेपाली | गुन्सि ४, रामेछाप | ३१५० |
| २० | श्री सागर तिमिल्सिना | संस्थापक | स्नातोकत्तर | बैकिङ्ग क्षेत्रमा आवद्ध १० वर्षदेखि हाल सम्म | ४१ | नेपाली | का.म.न.पा. ३४, काठमाण्डौ | ११४०० |
| २१ | श्री बद्री सिग्देल | संस्थापक | एम.वि. एस | ब्यापार विगत ४ वर्ष देखि हाल सम्म | ३० | नेपाली | सिन्धुकोट १, सिन्धुपाल्चोक | १५०० |
| २२ | श्री भक्त बहादुर मल्ल | संस्थापक | आई.ए. | व्यापार विगत ६ वर्ष देखि हाल सम्म | ४४ | नेपाली | कपलेकी ५, डोटी | ३१०० |
| २३ | श्री संजित श्रेष्ठ | संस्थापक | आई.ए. | व्यापार विगत ५ वर्ष देखि हाल सम्म | ३६ | नेपाली | बाग्लुङ ४, बाग्लुङ | २१०० |
| २४ | श्री अमृत पण्डित | संस्थापक | एम.वि. एस | जागिर ७ वर्षदेखि हाल सम्म | ३६ | नेपाली | का.म.न.पा. ३, काठमाण्डौ | ३१५० |
| २५ | श्री प्रशान्त उपाध्याय | संस्थापक | बि.बि. एस. | बैकिङ्ग क्षेत्रमा आवद्ध १० वर्षदेखि हाल सम्म | ३६ | नेपाली | माहांकाल ६, काठमाण्डौ | १२९०० |
| २६ | श्री रञ्जननाथ उपाध्याय | संस्थापक | एम.ए. | अवकाश प्राप्त कर्मचारी | ४९ | नेपाली | का.म.न.पा. ९, काठण्माडौ | २१०० |
| २७ | श्री मुना खनाल | संस्थापक | बि.एल. | वकालत ११ वर्षदेखि हाल सम्म | ४५ | नेपाली | जोरपाटी ६, काठमाण्डौ | २१०० |
| २८ | श्री दिपक गुरुङ | संस्थापक | आई.ए. | ब्यापार विगत १० वर्ष देखि हाल सम्म | ३६ | नेपाली | ब्यास ११, तनहु | ३१५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २९ | श्री दुतराज लामा | संस्थापक | बि.बि. एस. | सहकारी क्षेत्रमा आवद्ध ११ वर्षदेखि हाल सम्म | ४० | नेपाली | हेटौडा ८, मकवानपुर | ११५५० |
| ३० | श्री अनिता पण्डित | संस्थापक | आइ.कम. | गृहणी | ३२ | नेपाली | बिष्णु २, काठमाण्डौ | १९९०० |
| ३१ | श्री सन्तोष आचार्य | संस्थापक | बि.ए. | नेपाल शेना ११ वर्षदेखि हाल सम्म | ३२ | नेपाली | देवभुमी बालुवा ८, काभ्रे | २०० |
| ३२ | श्री मदन बहादुर राई | संस्थापक | आई.ए. | बैदेशिक रोजगार ८ वर्षदेखि हाल सम्म | ४७ | नेपाली | चिप्रङ ८, खोटाङ | ३३०० |
| ३३ | श्री डा. ध्रुब लाल पाण्डे | संस्थापक | विद्यावारिधी | प्राध्यापन पेशामा आवद्ध १८ वर्षदेखि हाल सम्म | ४८ | नेपाली | दिर्घाअर्चले ६, स्याङ्जा | १५९५० |
| ३४ | श्री सागर देव भट्ट | संस्थापक | स्नातकोत्तर | इन्जिनियर ७ वर्षदेखि हाल सम्म | २९ | नेपाली | कामनपा ३४, काठमाण्डौ | १०० |
| ३५ | श्री युवराज पौडेल (शर्मा) | संस्थापक | वि.ए. | जागीर ४ वर्षदेखि हाल सम्म | ३२ | नेपाली | अग्यौली ७, नवलपरासी | ३२४० |
| ३६ | श्री अरुण कुमार क्षेत्री | संस्थापक | आई.कम. | ब्यापार विगत ७ वर्ष देखि हाल सम्म | ३० | नेपाली | काभ्रे ६, काभ्रेपलाञ्चोक | १००० |
| ३७ | श्री सन्तोष पोखरेल | सञ्चालक | एम.फिल | विगत ५ बर्ष देखि प्राध्यापन पेशामा आबद्ध | ३६ | नेपाली | सुन्दरपुर १, मोरङ | ६३०० |
| ३८ | श्री धर्मराज शर्मा | संस्थापक | सि.ए. | अडिट ७ वर्षदेखि हाल सम्म | ४४ | नेपाली | वालिङ २, स्याङ्जा | १०५० |
| ३९ | श्री पराग खड्का | सञ्चालक | एम.वि.एस. | पर्यटन क्षेत्रमा १० बर्षको कार्यअनुभव | ३७ | नेपाली | नागदह ८, रामेछाप | ६३०० |
| ४० | श्री यसोदा पौडेल | संस्थापक | आई.ए. | गृहणी | ३२ | नेपाली | जुरोपानी ५, झापा | ६३०० |
| ४१ | श्री नविन बडाल | संस्थापक | एम.वि. एस | ब्यापार विगत ६ वर्ष देखि हाल सम्म | ३० | नेपाली | काभ्रे ६, काभ्रेपलाञ्चोक | ३०० |
| ४२ | श्री राजेन्द्र बि.क | संस्थापक | बि.बि. एस | ब्यापार विगत १० वर्ष देखि हाल सम्म | ३१ | नेपाली | कुञ्चोक ३, सिन्धुपाल्चोक | १०० |
| ४३ | श्री सन्तोष दाहाल | संस्थापक | एम.वि. एस | प्राध्यापन पेशामा आबद्ध ७ वर्षदेखि हाल सम्म | ३० | नेपाली | पांचखाल ६, काभ्रेपलाञ्चोक | २०० |
| ४४ | श्री हरी प्रसाद सापकोटा | संस्थापक | एम.वि. एस | ब्यापार विगत ६ वर्ष देखि हाल सम्म | ३१ | नेपाली | जैशिथोक ४, काभ्रेपलाञ्चोक | ३०० |
| ४५ | श्री रीना आचार्य | संस्थापक | एम.ए. | वायुसेवा निगममा कार्यरत ३ वर्षदेखि हाल सम्म | २९ | नेपाली | लाहान ६, सिराहा | ५२२५ |
| ४६ | श्री दिपेश उप्रेती | संस्थापक | एम.वि. एस | होटल व्यवसाय ५ वर्षदेखि हाल सम्म | ३२ | नेपाली | का.म.न.पा. ७, काठमाण्डौ | ३८१३५ |
| ४७ | श्री सन्तोष थापा | संस्थापक | एम.वि. एस | सहकारी क्षेत्रमा आवद्ध ४ वर्षदेखि हाल सम्म | ३० | नेपाली | पनौती १, काभ्रेपलाञ्चोक | ३०० |
| ४८ | श्री शोभा उप्रेती | संस्थापक | आई.ए. | गृहिणी | ३५ | नेपाली | का.म.न.पा. ७, काठमाण्डौ | २९००० |

**सञ्चालकहरुको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | राष्ट्रियता | उमेर (बर्ष) | शैक्षिक योग्यता | अनुभव | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|---|---|---|
| १. | श्री दिपक तिवारी<br>देवभुमि बालुवा - ५<br>काभ्रेपलाञ्चोक | अध्यक्ष | नेपाली | ४० | स्नातक | मिति २०६४ देखि २०६८ सम्म श्री पलाञ्चोक भगवती फार्म हाउसमा प्रोप्राइटर । मिति २०६८ देखि २०७१ सम्म सान सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभमा अध्यक्षको रुपमा कार्य सम्पादन गर्नु भएको । मिति २०७१ देखि हाल सम्म श्री हिमस्टार उर्जा कम्पनी लि., काठमाडौंमा प्रबन्ध निर्देशकको रुपमा कार्य गरिरहनु भएको । | ४५,००० |
| २. | श्री पराग खड्का<br>नागदह-८, रामेछाप | सञ्चालक | नेपाली | ३७ | स्नातकोत्तर | मिति २०६० देखि २०७० साल सम्म प्रिन्स ट्राभल्स एण्ड टुर्स, काठमाडौंमा सेल्स एण्ड टिकेटिङ्ग एक्जुकेटिभको रुपमा कार्य गर्नु भएको । मिति २०७० देखि २०७३ सम्म सिम्रिक एयर प्राइभेट लि.मा चेक इन अफिसर रुपमा कार्यअनुभव हासिल गर्नु भएको । मिति २०७४ देखि हालसम्म सेवर (Sabre) ट्राभल नेटवर्कमा वरिष्ठ अधिकृतको पदमा रहि कार्य सम्पादन गरिरहनु भएको । | ६,३०० |
| ३. | श्री सन्तोष पोखरेल<br>सुन्दरपुर-१, मोरङ्ग | सञ्चालक | नेपाली | ३६ | एम.फिल | मिति २०६३ देखि २०७३ साल सम्म नेपाल कमर्श क्याम्पसमा प्राध्यापन पेशामा आवद्ध रहनु भएको । मिति २०७४ वैशाख देखि हालसम्म त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागमा प्राध्यापन गराइरहनु भएको । | ६,३०० |
| ४. | श्री भिमसेन बस्नेत<br>गोली-५, सोलुखुम्बु | सञ्चालक | नेपाली | ५९ | स्नातकोत्तर | नेपाल बैंक लि.मा मिति २०४२ देखि २०५० साल सम्म वरिष्ठ सहायक । मिति २०५१ देखि २०६१ सम्म सहायक प्रबन्धक । मिति २०६२ देखि २०६६ साल सम्म उप प्रबन्धक । मिति २०६७ देखि २०७१ सम्म प्रबन्धकको रुपमा कार्य सम्पादन गर्नुभएको । साथै हाल सामाजिक कार्यमा संलग्न रहनु भएको । | नभएको |

**नोट : सञ्चालकहरुको योग्यता तथा अनुभव बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम भएको ।**

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

सो नभएको

**(ग) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आबद्ध भए त्यस्तो सञ्चालक र आबद्ध भएको संस्थाको नाम, ठेगाना :**

यस वित्तीय संस्थाका सञ्चालकहरु आबद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सञ्चालकको नाम | आवद्ध भएको अन्य कम्पनी/संस्था/कोष/संगठनको विवरण |
|---|---|---|
| १ | श्री दिपक तिवारी | **प्रबन्ध निर्देशक** - हिमस्टार उर्जा कम्पनी प्रा.लि., काठमाण्डौं |
| २ | श्री पराग खड्का | **वरिष्ठ अधिकृत** - सेवर (Sabre) ट्राभल नेटवर्क, काठमाण्डौं |
| ३ | श्री सन्तोष पोखरेल | **प्राध्यापक** - त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभाग, काठमाण्डौं |
| ४ | श्री भिमसेन बस्नेत | सामाजिक कार्यमा संलग्न |

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण**

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा विदेशी वित्तीय संस्था वा विदेशी नागरिकलाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

(ग) वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्दक राख्नुपर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम लघुवित्त वित्तीय संस्थाको कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर, त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समुहको शेयर हो सोही समुहका शेयरधनीहरुलाई दिनु पर्नेछ । समुहभित्र उपसमुह रहेको अवस्थामा जुन उपसमुहको शेयर हो सोही उपसमुहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एकभन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समुहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशबडा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयर वा अधिकतममा १,००० कित्ता शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ ।

(च) वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्त वित्तीय संस्थाको वा वित्तीय संस्थाको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितो बन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

(छ) कसैले खण्ड (च) को विपरीत काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(झ) धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग.५.ख. संस्थापक/सञ्चालक सँगको कारोवार :**

**(क) वित्तीय संस्थाबाट कुनै संस्थापक/सञ्चालक ले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा ( आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत लघुवित्त वित्तीय संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) माथि बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्ने अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस वित्तीय संस्था, कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित पब्लिक लिमिटेड कम्पनी भएकोले यसमा शेयरधनीहरुको दायित्व निजले धारण गरेको शेयरसम्म मात्र सिमित रहनेछ ।

### ग.७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

#### ग.७. क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

**(क)** संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

| सि.नं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति भएको मिति | कार्य अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री विनोद आचार्य | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | २०७३/०२/०९ | विगत १ बर्ष ५ महिना देखि आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको । विगतमा १ बर्ष नाडेप लघुवित्त वित्तीय संस्था लि. को महाप्रवन्धकको कार्य अनुभव । विगतमा २ बर्ष ५ महिना डिप्रोक्स नेपाल (लघुवित्तीय संस्था) को महाप्रवन्धकको कार्य अनुभव । विगतमा १ बर्ष ३ महिना डिप्रोक्स नेपाल (लघुवित्तीय संस्था) को उप-निर्देशकको कार्य अनुभव । विगतमा १६ बर्ष २ महिना डिप्रोक्स नेपाल (लघुवित्तीय संस्था) को वरिष्ठ प्रवन्धक सहित विभिन्न तहको कार्य अनुभव । | नभएको |
| २ | श्री पुष्कर घिमिरे | प्रबन्धक | स्नातक | २०७२/१०/०४ | विगत १ बर्ष ९ महिना देखि आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को प्रबन्धकको रुपमा कार्य गरेको । विगतमा २ बर्ष सिभिल लघुवित्त वित्तीय संस्था लि. को अधिकृत स्तरको कार्य अनुभव । विगतमा ७ बर्ष स्वाबलम्बन लघुवित्तीय संस्था को विभिन्न तहको कार्य अनुभव । | नभएको |
| ३ | श्री सुवासमणी बस्ताकोटी | स. प्रबन्धक | स्नातकोत्तर | २०७३/०१/०२ | विगत १ बर्ष ६ महिना देखि आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को स. प्रवन्धकको रुपमा कार्य गरेको । विगतमा २ बर्ष मिरमिरे माइक्रोफाइनान्स डेभलेपमेन्ट बैंक लि. को वरिष्ठ अधिकृतको कार्य अनुभव । विगतमा २ बर्ष सिद्धार्थ बहुमुखी सहकारी संस्था लि. को प्रवन्धक र १ बर्ष ६ महिना रेनेशा साकोसको अधिकृतको कार्य अनुभव । | नभएको |

**(ख) संगठित संस्थाका कर्मचारीहरु अन्य सुचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण** : सो नभएका

**(ग) विवरण-पत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने :**
सो नभएको ।

**(घ) कर्मचारीको विवरण :**
प्रमुख कार्यकारी अधिकृत बाहेक

| क्र.सं. | स्थायी | परीक्षणकालीन स्थायी | प्रशिक्षार्थी* | ज्यालादारी | करार** | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|
| १. | २३ | ३६ | – | – | – | ५९ |

#### ग.७. ख. सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा**

(१) दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न प्रबन्ध सञ्चालकले मासिक पारिश्रमिक रु.४०,०००/- पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिइनेछ ।

(२) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष तथा सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. २,०००/– (अक्षरेपी दुई हजार मात्र) हुनेछ ।

(३) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालक लाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

(क) स्वदेशमा दैनिक भत्ता रु.२,०००/-

(ख) भारतमा दैनिक भत्ता भा. रु.१,५००/-

(ग) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १५०/-

(घ) भ्रमण भत्ता बिल बमोजिम ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र.सं. | नम | पद | पारिश्रमिक (रु.) | अवधि |
|---|---|---|---|---|
| १ | श्री विनोद आचार्य | प्रमुख कार्यकारी अधिकृत | १५,५२,५५०/ | २०७३ श्रावण १ देखि २०७४ अषाढ मसान्तसम्म |
| २ | श्री पुष्कर घिमिरे | प्रबन्धक | ६,७७,२५७/ | |
| ३ | श्री सुवासमणी बस्ताकोटी | स. प्रबन्धक | ५,९८,७३७/ | |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :**

सो नभएको ।

**ग.८. अन्तरनिहित जोखिम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने ।**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

१. निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

२. बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

**(ख कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

सो नभएको ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

वित्तीय संस्थामा लघु कर्जा प्रवाह गर्ने गरी नयाँ बैंक तथा वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम** :

सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

सो नभएको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** :

सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

**सो नभएको ।**

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन अनुभवको अभाव :**

मिति २०७२/०४/०७ गतेबाट कारोवार सञ्चालन गरेकोले स्वयंम संस्थाको इतिहास त्यति लामो नभएको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

सो नभएको ।

(ट) **अन्य** :

१.वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२.देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
३.पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
४.वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोले लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।
५.दैवी प्रकोप तथा अन्य असामायिक घटना क्रमहरुबाट उत्पन हुन सक्ने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले पर्याप्त कर्जा जोखिम कोषको व्यवस्था गरेको छ । संस्थाले मिति २०७४ बैशाख महिनाबाट लागु हुनेगरी निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सम्झौता गरी संस्थाबाट लगानी हुने कर्जाको कर्जा सुरक्षण गरिएको छ । साथै यस वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा समान प्रकृतिका अन्य संस्थाहरुको स्थापना एवं क्षमता विकासमा प्रत्यक्ष संलग्न रही आफ्नै सञ्जाल निर्माण गरी सो मार्फत लघु कर्जा कारोवार गर्ने भएकोले अन्य बैंक तथा वित्तीय संस्थाको प्रवेशबाट उत्पन्न हुन सक्ने जोखिम न्युन हुने विश्वास लिइएको छ । वित्तीय संस्थाले वित्तीय बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मुल्यले सूचिकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## ग.९. वित्तीय विवरण :

### ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :

**वित्तीय संस्थाको आ.व. २०७३/७४ को वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण साधारण सभाबाट पारित भई देहाय बमोजिम रहेको छ :**

**वासलात (आषाढ ३१, २०७४) (रु. हजारमा)**

| विवरण | रकम |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| १. शेयर पूँजी | २९,७८० |
| २. जगेडा तथा कोषहरु | (५,५५७) |
| ३. ऋणपत्र तथा बन्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | २८३,२११ |
| ५. निक्षेप दायित्व | ३९,८०२ |
| ६. प्रस्तावित नगद लाभांश | - |
| ७. आयकर दायित्व | - |
| ८. अन्य दायित्व | ५,६०८ |
| **कुल दायित्व** | **३५२,८४५** |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात | २५२ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | ५६,६४९ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | - |
| ६. कर्जा, सापट तथा बिल खरीद | २८७,५६३ |

| विवरण | रकम |
| --- | ---: |
| ७. स्थीर सम्पत्ति | ६,६५८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | १,७२३ |
| **कूल सम्पत्ति** | **३५२,८४५** |

**नाफा/नोक्सान हिसाब (आषाढ ३१, २०७४) (रु. हजारमा)**

| विवरण | रकम |
| --- | ---: |
| १. व्याज आम्दानी | ३२,६४९ |
| २. व्याज खर्च | १७,२५३ |
| **खुद ब्याज आम्दानी** | **१५,३९६** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ९,९६५ |
| ४. सटही घटवढ आम्दानी | - |
| **कूल सञ्चालन आम्दानी** | **२५,३६१** |
| ५. कर्मचारी खर्च | १४,२२७ |
| ६. अन्य सञ्चालन खर्च | ८,२७८ |
| ७. सटही घटवढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **२,८५५** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | २,४३७ |
| **सञ्चालन मुनाफा** | ४१८ |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **४१८** |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **४१८** |
| १२. कर्मचारी बोनस व्यवस्था | ३८ |
| १३. आयकर व्यवस्था | (२३९) |
| यस वर्षको कर व्यवस्था | - |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर (आम्दानी)/ खर्च | (२३९) |
| **खुद नाफा/नोक्सान** | **६१९** |

**नाफा/नोक्सान बाँडफाँड हिसाव (आषाढ ३१, २०७४) (रु. हजारमा)**

| विवरण | रकम |
| --- | ---: |
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | – |
| २. यस वर्षको मुनाफा | ६१९ |
| **जम्मा** | **६१९** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | ६१७६ |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधारण जगेडाकोष | १२४ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था बिकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | - |

| | |
|---|---|
| ८. ग्राहक सदस्य कल्याणकार कोष | – |
| ९. प्रस्तावित लाभांश | – |
| १०. प्रस्तावित बोनस शेयर | – |
| ११. बिशेष जगेडा कोष | – |
| १२. सटही घटबढ कोष | – |
| १३. पूँजी फिर्ता जगेडा कोष | – |
| १४. पूँजी समायोजन कोष | – |
| १५. ग्राहक संरक्षण कोष | ६ |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | ६ |
| १७. स्थगन जगेडा कोष | – |
| १७. लगानी समायोजन कोष | – |
| **जम्मा** | **६,३१२** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **५,६९३** |

**नगद प्रवाह विवरण (आषाढ ३१, २०७४)** **(रु.हजारमा)**

| विवरण | यस वर्ष रु. |
|---|---|
| **(क) कारोवार संचालनबाट नगद प्रवाह** | १,८५४ |
| **१. नगद प्राप्ति** | ४२,६१४ |
| १.१ व्याज आम्दानी | ३२,६४९ |
| १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | ९,९६५ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | – |
| १.४ अपलेखित कर्जाको असुली | – |
| १.५ अन्य आम्दानी (गैर संचालन आम्दानी समेत) | – |
